# संस्था दर्ता फारम
# Corporate Subscription Form

**Ncell**

Ncell Axiata Limited
Ncell ICON, Lainchaur,
Kathmandu, Nepal
Tel: 977 9805554444
www.ncell.com.np

We hereby submit this subscription form to avail telecommunication services from Ncell Axiata Limited.

१. **संस्थाको नाम** / Company name ______________________

२. **स्थायी ठेगाना** / Permanent address

**वडा नं.**/Ward no. ________ **घर नं.**/House no. ________ **सडकको नाम**/Street name ________

**टोल**/Tole ________ **गा.वि.स./न.पा.**/VDC/Muncipality ________

**जिल्ला**/District ________ **अञ्चल**/Zone ________

३. **पान/भ्याट नम्बर** PAN/VAT number ☐☐☐☐☐☐☐☐☐☐☐ **दर्ता नम्बर** REG. no. ☐☐☐☐☐☐☐☐☐☐☐

४. **आधिकारिक कर्मचारीको नाम तथा पद** / Name and designation of authorized personnel

______________________

**नाम**/First **थर**/Last

**पद**/Designation ________

४.१. **आधिकारिक कर्मचारीको समावेश गरिएका कागजातहरु र नम्बर** / Authorized personnel's documents and number attached

- ☐ **नागरिकता**/Citizenship ________ **जन्म मिती**/Date of birth ________
- ☐ **पासपोर्ट**/Passport ________ **जारी गरिएको जिल्ला**/Issue district ________
- ☐ **सवारी चालक प्रमाणपत्र**/Driving License ________ **जारी गरिएको मिति**/Issue date ________

५. **कार्यालय सम्पर्क विवरण**/Company contact detail

**क. फोन नं.**/Phone no. ☐☐☐☐☐☐☐☐☐ **ख. मोबाइल नं.**/Mobile no. ☐☐☐☐☐☐☐☐☐☐

**ग. इ-मेल**/E-Mail ☐

सबै मूल्य योजनाहरुलाई दुईवटा सब्सक्रिप्सन मोडहरुमा लिन सकिन्छ, एडभान्स र क्रेडिट सब्सक्रिप्सन ।

१.१ Advance Subscription:
१.१.१ यस अन्तर्गत तपाईंले आफ्नो मोबाइल फोनको सेवा प्रयोग गर्नु पूर्व आफ्नो खातामा ब्यालेन्स हाल्नु पर्नेहुन्छ ।
१.१.२ यस अन्तर्गत तपाईंले गर्ने प्रत्येक भुक्तानीमा २% स्वामित्व कर कट्टा हुन्छ। उदाहरणका लागि: यदि तपाईंले रु १०० को भुक्तानी गर्नु भयो भने, तपाईंले रु ९८ मात्र पाउनु हुनेछ ।
१.१.३ एनसेल केन्द्र तथा एनसेलका आधिकारिक पसलहरुमा भुक्तानी गर्दा तपाईंलाई कर बिजक प्रदान गरिनेछ ।

१.२ Credit Subscription:
१.२.१ यो तपाईंलाई आफ्नो मोबाइल फोनको सेवाहरु प्रयोग गर्नका लागि एनसेलले क्रेडिटको सुविधा प्रदान गर्नेछ । क्रेडिट रकमका लागि उपोभोक्ताले आवेदन पत्र भर्नु पर्दछ र एनसेलले अनुमोदन गरे पश्चात मात्र क्रेडिट रकम प्रदान गरिन्छ ।
१.२.२ यो एक पटक सरकारी स्वामित्व कर स्वरुप रु ११३० (रु.१००० सरकारी कर र १३% मुल्य अभिबृद्धि कर) लाग्दछ । यो कर एक पटक तिरिसके पछि तपाईंले गर्ने प्रत्येक भुक्तानीमा २% स्वामित्व कर लाग्दैन । उदाहरणका लागि: यदि तपाईंले रु. १०० को भुक्तानी गर्नुभयो भने रु. १०० नै पाउनुहुनेछ ।
१.२.३. एनसेल केन्द्र तथा एनसेलका आधिकारिक पसलहरुमा भुक्तानी गर्दा तपाईंलाई रसिद दिइनेछ र तपाईंको मासिक शुल्कसँगै सम्बन्धित कर बिजक पनि पाउनुहुनेछ ।

## आवश्यक कागजातहरु:

- कम्पनी दर्ताको प्रतिलिपि र VAT /PAN /TPIN दर्ता प्रमाणपत्र मध्ये कुनै एक
- नेपाली नागरिकता/राहदानी/कम्पनी प्रमुख/प्रोप्राइटर/आधिकारिक व्यक्ति र मोबाइल प्रयोगकर्ताको चालक अनुमतिपत्रको प्रतिलिपि - उल्लेख भएका कागजात मध्ये कुनै एक
- सुचारुकर्ताले दर्ता फाराससँगै संलग्न कागजातको सक्कल प्रतिलिपि पनि ल्याउनु पर्नेछ
- विदेशी नागरिकको हकमा, राहदानी तथा आधिकारिक भिसाको प्रतिलिपि

**आधिकारिक कर्मचारीको नाम**/ Name of authorized staff ☐

**कार्यालयको छाप र मिति**/ Company seal & date ________ Signature ☐

**कार्यालय प्रयोजनका लागि मात्र**/For official use only

SIM Card issued:

| Mobile Number | ICCID Number | Mobile Number | ICCID Number |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

Organization type ☐ Account Manager ☐

Verified by ☐

# नेपाल दूरसञ्चार प्राधिकरणद्वारा मिति २०६२/१०/१० मा स्विकृत गरिएको उपभोक्ता सम्झौता

## १. परिभाषा:

क. "एनसेल" भन्नाले नेपाल राष्ट्रमा संचालित एनसेलले उद्योग विभागबाट प्र.नं.२३२०२ मिति २०६२/३/३० मा प्रमाणपत्र लिई एनसेलको ट्रेडमार्क दर्ता गरी संचालन गर्ने मोबाइल सेवालाई जनाउनेछ ।

ख. "सेवा" भन्नाले एनसेलले आफैले वा यसका सेवा पुऱ्याउने निकायहरु मार्फत ग्राहकहरुलाई उपलब्ध गराउने मोबाइल सेवा सम्झनुपर्छ ।

ग. "मोबाइल नम्बर" भन्नाले कुनै ग्राहकलाई उपलब्ध गराईएको मोबाइल टेलिफोन नम्बरलाई बुझाउनेछ (जसलाई यसपछि मोबाइल नम्बर भनिएको छ) ।

घ. "मोबाइल नेटवर्क" भन्नाले मोबाइल टेलिफोन सेवा संचालन गर्न प्रयोग गरिने डिजिटल दूर संचार नेटवर्क, स्टेशन, स्वीचिङ्ग, माइक्रो वेभ, बेस स्टेशन समेतका अन्य दूर संचार संयन्त्रहरु सम्झनुपर्छ ।

ङ. "सुरक्षण धरौटी" भन्नाले ग्राहकलाई सिमकार्ड उपलब्ध गराउँदाका बखत एनसेलमा मोबाइल सेवा संचालनको लागि धरौटीको रुपमा जम्मा गरेको निश्चित रकमलाई सम्झनु पर्दछ ।

च. "महशुल" भन्नाले एनसेलले ग्राहकलाई सेवा उपलब्ध गराए वापत लगाएको शुल्कलाई जनाउँदछ र यसले तिर्न बाँकी सेवा शुल्कको भुक्तानी सम्झनु पर्दछ ।

छ. "काबु बाहिरको परिस्थिती" भन्नाले कुनै दैवी घटना, नागरिक अवज्ञा, सबै खाले आपतकालीन परिस्थिती, सरकार वा अन्य कुनै सक्षम सरकारी निकायले कुनै काम गर्दा वा नगर्दा परेको परिणाम, आगजनी, चट्याङ्ग, २४ घण्टाभन्दा बढि लगातार विद्युत आपूर्ति बन्द हुँदा, विष्फोटन, बाढी, महामारी, डुवानी वा आवत-जावतमा रोक, युद्ध समेतलाई सम्झनु पर्छ ।

## २. सम्झौता लागू हुने र बाहल हुने मिति:

एनसेलले निवेदकको निवेदन स्विकृत गरी मोबाइल नम्बर उपलब्ध गराएको मिति देखि यो सम्झौता लागू भएको मानिनेछ र यो सम्झौता स्थायी रुपमा सेवा अन्त्य नभए सम्म प्रभावकारी रहनेछ साथै सामान्यतया यो सम्झौतामा दुवै पक्षबाट हस्ताक्षर गरिनेछ तर यो सम्झौता हस्ताक्षर नगरेको कारणबाट मात्रै सम्झौता निस्क्रृय भएको मानिने छैन र कारणवश कुनै व्यक्तिले सम्झौता नगरी एनसेलको मोबाइल सेवा प्रयोग गरी सकेको रहेछ भने पनि यो सम्झौताका शर्तहरु दुवै पक्षले पालना गर्नुपर्नेछ र त्यस्ता ग्राहकका हकमा यो सम्झौता भए सरह मानिनेछ । यो सम्झौता हुन नसकेको ग्राहकको हकमा एनसेलले सार्वजनिक सूचना मार्फत त्यस्ता ग्राहकको हकमा यो सम्झौता लागू हुने जानकारी गराउनेछ साथै ग्राहकले सम्झौता माग गरेमा वा गर्न आएमा एनसेलले सम्झौताको प्रतिलिपि उपलब्ध गराउने वा सम्झौता गराउनेछ ।

## ३. (क) एनसेलको दायित्व :

(१) एनसेलले ग्राहकलाई यस सम्झौताका शर्तहरु अनुरुप सेवा प्रदान गर्नेछ ।

(२) एनसेलले प्रधिकरणबाट स्वीकृति भएको महशुल दर सार्वजनिक सूचना प्रकाशित गरी लागु गर्नु पर्नेछ ।

(३) एनसेलले ग्राहकलाई अधिकतम मासिक आर्थिक सुविधा सीमा कायम गर्ने, उधारो व्यवस्थापन गर्ने र ग्राहकलाई सेवा प्रदान गर्ने सम्बन्धमा पेश्की स्वरुप रकम लिने वा सेवा निलम्बन गर्ने वा सेवाहरु आंशिक वा पूर्ण रुपमा विच्छेद गर्ने सम्बन्धमा ग्राहकसँग छुट्टै सम्झौता गरी लागु गर्न सक्नेछ।

(४) एनसेलले ग्राहकलाई दुर संचारका थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

(५) कुनै ग्राहकको विवरण ऐन, कानून बमोजिम नेपाल सरकार वा सम्बन्धित निकायले मागेको बखत एनसेलले कुनै पनि समयमा त्यस्ता निकाय समक्ष पेश गर्न सक्नेछ । त्यसरी पेश गरिएकोमा ग्राहकको गोपनीयता भङ्ग गरिएको भनि उजुरी गर्न पाउने छैन।

(६) ग्राहकलाई सेवा उपलब्ध गराउनासाथ एनसेलले ग्राहकलाई सिमकार्ड नम्बर, पिन (Pin) र पुक (Puk) उपलब्ध गराउनेछ ।

### (ख) ग्राहकको दायित्व :

(१) ग्राहकले एनसेलको सेवा प्रयोग गर्दा प्रचलित नेपाल कानूनको पालना गर्नुपर्नेछ ।

(२) ग्राहकले सेवा उपयोग गर्ने सम्बन्धमा नेपाल सरकार, प्राधिकरण वा एनसेलले दिएका निर्देशनहरु पालना गर्नुपर्नेछ ।

(३) ग्राहकलाई उपलब्ध गराइएको सेवा वापत रकम ग्राहकले तिर्नुपर्नेछ र रकम तिर्ने समयमा नेटवर्क वा सेवा उपभोग नगरेको दावी गर्न पाउने छैन ।

(४) बिल स्टेटमेन्टको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवादको टुङ्गो नलागेसम्म बिल स्टेटमेन्टमा उल्लेखित रकम ग्राहकले धरौटीको रुपमा जम्मा गर्नुपर्नेछ ।

(५) ग्राहकले सेवाको उपयोग गर्दा कुनै पनि प्रकारको अनुचित, अनैतिक वा गैरकानूनी प्रयोजनको लागि वा सेवा वा नेटवर्क संचालनको उद्देश्यमा नै प्रतिकूल प्रभाव पर्ने गरी सेवा प्रयोग गर्न पाउने छैन र अरु कसैलाई समेत प्रयोग गर्न दिने पाउने छैन ।

(६) मोबाइल सेवाको अवैध वा गैरकानूनी वा अनधिकृत दुरुपयोग जस्ता कार्यबाट हुन आउने क्षतिमा एनसेल कुनै प्रकारले जिम्मेवार हुने छैन ।

(७) ग्राहकले एनसेलको नेटवर्कमा अनुकूलताप्रदायी उपकरणका साधनहरु मात्र प्रयोग गर्नु पर्नेछ।

(८) ग्राहकले सेवा ग्रहण गरीसकेपछि ग्राहककै कारण सेवा संचालन नगरे पनि सो अवधिसम्म न्युनतम मासिक महशुल भुक्तानी गर्नुपर्नेछ ।

(९) एनसेलको पूर्व स्वीकृति वेगर यस संझौता अर्न्तगत ग्राहकलाई प्राप्त हुने अधिकार वा हित वा दायित्व ग्राहकले अरु कसैलाई हस्तान्तरण गर्न पाउने छैन ।

(१०) कुनैपनि अवैधानिक उद्देश्यको लागि सेवा प्रयोग गर्ने वा कसैलाई पिडा दिन, दु:ख दिन, दिक्क गराउन वा हतोत्साही बनाउन एनसेल सेवा प्रयोग गर्न पाउने छैन ।

(११) ग्राहकले तिर्न बाँकी रहेको रकम एनसेलले जहिलेसुकै असुल उपर गर्न सक्नेछ र ग्राहकले पनि तिर्न बाध्य हुनेछ ।

(१२) नेपाल दुरसञ्चार प्राधिकरणले तोकेको प्रावधान अनुसार यदि तपाईंले प्रयोग गरिरहनु भएको मोबाइल नम्बरको सिमकार्ड बिगत ६ महिनादेखि कुनै पनि प्रकारले उपयोग नगरिएमा मोबाइल नम्बरको सिम निस्क्रिय हुनेछ । यसरी मोबाइल नम्बर निस्क्रिय भएको १८० दिन भित्र दावी गर्न आउनु भएमा नियमानुसार दस्तुर तिरी सोहि नम्बरको सिम उपलब्ध गराईनेछ । सो अवधि भित्र पनि तपाईंको दाबी पर्न नआएमा सिमको समय सिमा स्वत: सकिने र सोहि नम्बरको नयाँ सिम बजारमा वितरण गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

(१३) कुनै ग्राहकको विवरण ऐन, कानुन बमोजिम नेपाल सरकार वा सम्बन्धित निकायले मागेको खण्डमा एनसेलले कुनै पनि समय त्यस्ता निकाय समक्ष पेश गर्न सक्नेछ । त्यसरी पेश गरिएकोमा ग्राहकको गोपनीयता भङ्ग गरिएको भनि उजुरी गर्न पाउने छैन ।

## ४. एनसेलले वहन नगर्ने दायित्व :

(१) ग्राहकले सेवा उपभोग गरेको कारण व्यापारमा नाफा, राजश्व, ख्याति, अनुमानित बचत, करार जस्ता कुरामा जुनसुकै किसिमबाट हुन सक्ने प्रत्यक्ष वा अप्रत्यक्ष हानी नोक्सानीको लागि एनसेल जवाफदेही हुने छैन ।

(२) एनसेलले निम्न व्यक्तिसँग संझौता गर्न बाध्य हुने छैन :

क. सेवा सम्बन्धी आर्थिक दायित्व पूरा नगरेको व्यक्ति ।

ख. टाट पल्टेको वा अदालतको कारवाहीबाट दामासाहीमा कारवाही भएको व्यक्ति ।

ग. आवेदन फर्ममा उल्लेखित तथ्यलाई लुकाउने आशयले गलत सूचना दिने व्यक्ति ।

घ. नेपाल सरकार वा सम्बन्धित निकायबाट सेवा नदिनु भनि निर्देशन भई सूचीमा रहेको व्यक्ति ।

(३) तल उल्लेखित अवस्थामा एनसेलले प्रदान गरेको दूर संचार सेवाबाट पर्ने असर प्रति एनसेल जवाफदेही हुने छैन ।

क. डाटा सिग्नल आदानप्रदान गर्न सेवा प्रयोग गर्दा एनसेलको काबु बाहिरको परिस्थिती परी डाटामा कुनै क्षति वा अशुद्ध भएमा,

ख. सेवाको प्रयोग गर्दा हुने प्रतिलिपि अधिकार सम्बन्धी दावी वा सेवाको सन्दर्भमा ग्राहकले कुनै काम गर्दा वा नगर्दा कुनै प्रकारको दावी उत्पन्न भएमा,

ग. ग्राहकदेखि बाहेक अन्य कुनै व्यक्तिले एनसेल सेवा प्रयोग गरी नोक्सानी वा क्षति भएमा,

घ. नेपाल सरकार वा अन्य सम्बन्धित अधिकारीहरुबाट जारी गरिएको कुनै आदेश वा कार्यबाट उत्पन्न कुनै नोक्सानी वा असुविधा भएमा । तर नेटवर्कमा खराबी भई खण्ड (क) बमोजिम डाटा सिग्नल, क्षति वा अशुद्ध भएमा एनसेलले तत्काले मर्मत एवं सम्भार गर्नेछ ।

## ५. मोबाइल (सिमकार्ड नम्बर परिर्वतन र सेवा सुविधा :

(१) मोबाइल नम्बर परिवर्तन गरि पाऊँ भनि ग्राहकले एनसेलले तोकेको दस्तुर सहित आफ्नै हस्ताक्षर सहितको निवेदन दिनुपर्नेछ । यस उपर कार्यवाहि गरी बढीमा ७ दिन भित्रमा नम्बर परिवर्तन गरी दिइनेछ । तर,

क. एनसेलले यस्तो निवेदन कुनै कारण नखुलाई अस्विकार गर्न सक्नेछ ।

ख. तिर्न बाँकी कुनै रकम भए सो रकम असुल नभएसम्म मोबाइल नम्बर परिवर्तनका लागि दिएको निवेदन उपर कुनै कार्यवाही हुनेछैन ।

(२) ग्राहकले सेवा समाप्त गर्न चाहेमा (प्रिपेड सेवा बाहेक) एनसेलले लिखतहरुको हस्ताक्षर, सुरक्षण धरौटीको रसिद आदि जाँचबुझ गरि तिर्नु बुझाउनु पर्ने, रकम कट्टा गरी बाँकी सुरक्षण धरौटी मात्र ग्राहकलाई तत्काल फिर्ता दिनेछ।

## ६. रोमिङ तथा अन्तर्राष्ट्रिय टेलिफोन सेवा सुविधा सम्बन्धी :

(१) एनसेलले ग्राहकलाई रोमिङ सेवा उपलब्ध गराउन सक्नेछ । रोमिङ सेवाको सुविधा लिन ग्राहकलाई थप सुरक्षण धरौटी राख्न लगाउन सक्नेछ। यस्तो सुरक्षण धरौटी रकम एनसेलले निर्धारण गरी सोहीबाट ग्राहकले उपभोग गरेको सेवाको शुल्क असुल गर्न सक्नेछ ।

(२) रोमिङ/आई.एस.डी. वापत ग्राहकसँग अतिरिक्त सुरक्षण धरौटी माग गर्दा प्रयोग गर्ने सेवाको अनुपातमा मासिक, पाक्षिक वा साप्ताहिक बिल स्टेटमेन्ट तयार गरी बिल स्टेटमेन्ट भुक्तानीको लागि पठाउन सक्नेछ । ग्राहकले आफूले सेवा बन्द नगरुन्जेल एनसेल समक्ष सुरक्षण धरौटी राखी राख्नु पर्नेछ।

(३) प्राविधिक कारणवश सिस्टम र सफ्टवेयर अपग्रेडेशन, बिलिङ्ग फेलर, संयोजन विच्छेद र एनसेलको काबु बाहिरका परिस्थितीको कारणले रोमिङ्ग/आई.एस.डी. सुविधा अस्थायी वा स्थायी रुपले बन्द हुन सक्नेछ । यस सम्बन्धी ग्राहकलाई एनसेलबाट जुनसुकै माध्यबाट सूचना दिइनेछ र यसरी दिइएको सूचना पर्याप्त रुपमा दिइएको मानिनेछ ।

(४) रोमिङ्ग/आई.एस.डी.को सुविधाकोलागि निवेदन पेश गरेको मितिबाट यथासक्दो चाँडो रोमिङ्ग/आई.एस.डी. सुविधा उपलब्ध गराइनेछ।

## ७. सुरक्षण धरौटी, बिल स्टेटमेन्ट तथा महशुल भुक्तानी सम्बन्धी :

(१) अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि सुरक्षण धरौटी रकमबाट ग्राहकले तिर्नु पर्ने महशुल रकममा कट्टा गर्न वा मिलान गर्न सक्दछ । यसरी कट्टा गरिएको वा मिलान गरिएको खण्डमा भने नपुग भएको सुरक्षण धरौटी ग्राहकले तुरुन्त राख्नु पर्नेछ।

(२) ग्राहकलाई उचित सूचना दिएर कुनै पनि समयमा मौजुदा ग्राहकले सुरक्षण धरौटीको लागि तिर्नुपर्ने रकम घटाउने वा बढाउने अधिकार एनसेललाई हुनेछ ।

(३) नियमित बिल स्टेटमेन्ट हरेक महिना तयार हुनेछ । नियमित बिल स्टेटमेन्ट सम्भव नभएमा ग्राहकले तिर्नुपर्ने रकम विस्तृत रुपमा उल्लेख भएको अन्तरिम बिल स्टेटमेन्ट दिइनेछ । अस्थायी वा प्रतिलिपि बिल स्टेटमेन्ट ग्राहकले मागेको बेलामा वा संकटको बेलामा जारी गरिन्छ । नियमित बिल स्टेटमेन्ट दिइसकेपछि ग्राहकबाट असुल गरिएको सबै रकमको हिसाब मिलान गरिनेछ ।

(४) बिल स्टेटमेन्ट प्राप्त भएपछि ग्राहकले १५ दिन भित्र तिर्नु पर्नेछ । यस्तो महशुल सो मिति भन्दा अगावै पनि एनसेलले तोकिएको खातामा ग्राहकले अग्रिम रुपमै पनि जम्मा गर्न सक्नेछ ।

(५) एनसेलको बिल स्टेटमेन्ट अवधि वा मिति ग्राहक अनुसार फरक फरक हुन सक्नेछ तर समान प्रकृतिका ग्राहकका लागि समान व्यवहार गरिनेछ।

(६) भुक्तानी स्थानीय क्लेयरिङ्ग चेक/डिमाण्ड ड्राफ्ट वा नगदको माध्यमबाट मात्र गर्न सकिनेछ । चेक/ ड्राफ्टबाट भुक्तानी पठाइएकोमा एनसेलको खातामा जम्मा नभएसम्मको स्थिति भुक्तानी नभएको स्थिति नै हुनेछ । ग्राहकले शुल्क तिरेर प्रतिलिपि/अस्थायी/आइटम (बिस्तृत विवरण) बिल स्टेटमेन्टको लागि लिखित अनुरोध गरेमा शुल्क लिई बिस्तृत विवरण सहितको बिल स्टेटमेन्ट उपलब्ध गराइनेछ । बिल स्टेटमेन्टको बिस्तृत विवरण ४५ दिन भन्दा पुरानो अवधिको माग भएमा वा बिल स्टेटमेन्ट प्राप्त भएको मितिको १५ दिन पछि माग भएकोमा बिस्तृत बिल स्टेटमेन्ट दिन एनसेल बाध्य हुने छैन ।

(७) कुनै पनि अवस्थामा तिर्नुपर्ने रकम सुरक्षण धरौटीको ९५ प्रतिशत भन्दा बढी भएमा पुर्व सूचना दिई सेवा काट्न सकिनेछ तर अन्तर्राष्ट्रिय रोमिङ सेवाको हकमा सेवा काटिने सम्बन्धमा ग्राहकलाई सूचना दिइ थपघट गर्न सकिनेछ ।

(८) यसमा जुनसुकै कुरा लेखिएको भएता पनि कानून बमोजिम प्राधिकरणको स्वीकृति लिनुपर्ने भए त्यस्तो स्वीकृति लिई कुनै सेवाको महशुल दरमा पूर्व सूचना दिई परिर्वतन गर्ने, हेरफेर गर्ने, पुनरावलोकन गर्ने र तत्काल लागू भएको दर रोक्का गर्ने वा फिर्ता गर्न सकिनेछ ।

## ८. बिक्री/हस्तान्तरण :

(१) एनसेलको सहमति विना सेवा जडान गरिसकेपछि हस्तान्तरण गर्न पाईने छैन । सहमति बिना ग्राहकले निजी तवरले हस्तान्तरण गरेको कारणबाट ग्राहकको दायित्व समाप्त हुने छैन ।

(२) ग्राहक बाहेकका व्यक्तिबाट एनसेलले भुक्तानी स्विकार गरेको कारणले मात्र ग्राहकका अधिकार वा कर्तव्य हस्तान्तरण भएका छन् भन्ने अर्थ लगाइने छैन ।

(३) ग्राहकले तिर्नुपर्ने सम्पूर्ण रकम भुक्तानी गरेपछि मात्र हस्तान्तरण नामसारी गरिनेछ ।

(४) ग्राहकले राखेको सुरक्षण धरौटी सम्बन्धित ग्राहक वा निजको आधिकारीक अधिकारी हकवालालाई मात्र एकाउन्ट पेइ चेक वा डिमाण्ड ड्राफ्ट मार्फत फिर्ता दिइनेछ । सुरक्षण धरौटी नगदमा फिर्ता दिइने छैन । कुनै चेक वा ड्राफ्टको भुक्तानी ३० दिन भित्र लिई सक्नुपर्नेछ । ग्राहकको मृत्यु भएमा निजको कानून बमोजिमको उत्तराधिकारी सम्बन्धी प्रमाण बुझि त्यस्तो चेक/ड्राफ्ट मार्फत भुक्तानी दिइनेछ ।

## ९. बिल स्टेटमेन्ट वा सेवा सम्बन्धि उजुरी :

(१) सेवा सम्बन्धि कुनै गुनासो भएमा ग्राहकले लिखित रुपमा एनसेललाई जानकारी गराउनु पर्नेछ ।

(२) एनसेलको सिमकार्ड हराएमा, चोरिएमा, बिग्रिएमा वा अन्य कुनै तरिकाले अनाधिकृत प्रयोग भएमा तत्काल ग्राहकले आधिकारिक रुपमा एनसेललाई जानकारी गराउनु पर्नेछ ।

(३) कुनै बिल स्टेटमेन्ट रकम सम्बन्धमा विवाद भएमा पहिले विवादस्पद बिल स्टेटमेन्ट सम्बन्धी विषय एनसेलको आफ्नै नेटवर्कसँग सम्बन्धित विवरण भएमा ७ दिन भित्र र अर्को सेवा प्रदायक मार्फत विवरण प्राप्त गरी निर्णय गर्नु पर्ने भएका ४५ दिन भित्र विवाद समाधान गरी अन्तिम बिलको सूचना ग्राहकलाई दिइनेछ ।

## १०. सेवाको मर्मत सम्भार :

(१) सेवा सम्बन्धी कुनै समस्या परेमा ग्राहकले लिखित रुपमा पेश गर्नु पर्नेछ । मर्मतको लागि बाहेक मौखिक उजुरी उपर कारवाही गरिने छैन ।

(२) हुरि बतास, चक्काजाम, भौगोलिक विकटता जस्ता विशेष परिस्थिती बाहेक अन्य समयमा एनसेलको मुख्य मोबाइल स्विच वा बेश स्टेशन कन्ट्रोलर सिस्टम बिग्रिन गई सम्पूर्ण ग्राहकको मोबाइल सेवा अवरुद्द भएमा, आफ्नो सेवा ७२ घण्टा (तीन दिन) भित्रमा मर्मत गर्नेछ । सो समय भित्र मर्मत गर्न नसकिएमा ग्राहकलाई मर्मत गर्न नसकिएको अवधिभर ग्राहकले तिर्नुपर्ने न्यूनतम मासिक महशुल रकमलाई आधार लिई सो रकमलाई प्रति दिनमा पर्ने शुल्क अनुसार दामासाहीले हुने रकम छुट दिन सक्नेछ ।

## ११. काबु बाहिरको परिस्थिती (दैवी प्रकोप) उत्पन्न भएमा सेवा अवरुद्ध हुन सक्ने :

(१) कुनै दैवी घटना, सबै खाले आपतकालीन परिस्थिती, सरकार वा अन्य कुनै सक्षम सरकारी निकायले कुनै काम गर्दा वा नगर्दा परेको परिणाम, आगजनी, चट्याङ, २४ घण्टाभन्दा बढि लगातार विद्युत आपूर्ति बन्द हुँदा, विष्फोटन, बाढी, महामारी, युद्ध, काबु बाहिरको परिस्थितीको कारण सेवा अवरुद्द हुन गई संझौता अनुसार आफ्नो दायित्व र कर्तव्य पुरा गर्न असमर्थ भएमा सम्झौता उल्लघंन भएको मानिने छैन ।

(२) काबु बाहिरको परिस्थितीका कारण ग्राहकले पाउनु पर्ने सुविधाहरुमा प्रतिकुल प्रभाव परेमा वा सेवा अवरुद्ध भएमा ग्राहकले तिर्नु पर्ने न्यूनतम मासिक शुल्क प्रतिदिनको दामासाहिको दरले मिन्हा गरिनेछ । ग्राहकलाई परेको अन्य क्षतिपूर्ति तिर्न एनसेल बाध्य हुनेछैन ।

## १२. विवाद र समाधान :

(१) ग्राहकले सेवा तथा महशुल सम्बन्धमा कुनै लिखित शिकायत/उजुरी गरेमा तोकिएको समितिले छानविन गर्नेछ र छानविन समितिको निर्णय बमोजिम हुनेछ । उक्त निर्णय उपर चित्त नबुझेमा ग्राहकले दूरसंचार ऐन, नियम बमोजिम प्राधिकरण समक्ष उजुरी गर्न सक्नेछ । प्राधिकरणले गरेको निर्णय ग्राहक र एनसेल दुवै पक्षलाई स्वीकार्य हुनेछ ।

(२) सम्झौतामा कुनै विवाद उत्पन्न भएमा सो विवाद नेपाल कानून बमोजिम समाधान गरिनेछ ।

## १३. मान्यता र क्षेत्राधिकार :

(१) यस सम्झौताका शर्तहरुको मान्यता, व्याख्या र परिपालना नेपालको कानून बमोजिम हुनेछ । प्रचलित नेपाल कानूनसँग बाँझिएका दफा सो हदसम्म स्वत: निष्क्रिय हुनेछ ।

(२) यो संझौताको कुनै दफा निष्क्रिय वा संसोधन वा अमान्य भएमा वा हुन आएमा त्यसले यसका अन्य दफाको मान्यतामा कुनै असर पार्ने छैन ।

## १४. सम्झौताको समाप्ति :

(१) ग्राहकले जुनसुकै बेला सूचना दिई सम्झौताको अवधि समाप्त गर्न सक्नेछ । यसरी सूचना दिएको ७ दिन भित्र ग्राहकले तिर्न बुझाउनु वा फिर्ता पाउने रकमको दावी गर्नु पर्नेछ । सो अवधि भित्र निजले मोबाइल दूर संचार सेवाको सबै विवरण सम्बन्धी दस्तुर र निजले प्राप्त गरेको सेवाको महशुल नतिरेसम्म सूचना दिँदैमा सम्झौताको अवधि समाप्त हुनेछैन । तिर्न बुझाउन बाँकी रहेका महशुल रकम कानून बमोजिम असुल उपर गर्न सकिनेछ। ग्राहकको तर्फबाट सम्झौता समाप्त गर्नुभन्दा अगाडि निजले तिर्न बाँकी सबै रकमहरु तिर्नु निजको दायित्व हुनेछ ।

(२) ग्राहकले सम्झौताका कुनै शर्तहरु उल्लंघन गरेमा एनसेलले कारण खोली सूचना दिई कुनैपनि समयमा सम्झौताको अवधि समाप्त गर्न सक्नेछ। तर विशेष परिस्थिती परी सम्झौताको अवधि समाप्त गर्नु परेमा सम्बन्धित निकायको समक्ष बाहेक ग्राहकलाई कारण खोल्न बाध्य हुने छैन ।

(३) ग्राहकले एनसेलको निलम्बन वा रद्द प्रक्रियाको निर्धारण गरि सूचना दिई सम्झौता अन्त्य गर्न सक्नेछ र त्यसपछि एनसेलले सेवा निलम्बन वा रद्द गर्न सक्नेछ ।

## १५. विविध :

एनसेलको कर्मचारी वा आधिकारिक प्रतिनिधि/वितरक/डिलर/अभिकर्तालाई कुनै ग्राहकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले कुनै उपहार वा प्रतिफलको प्रस्ताव गरेको कुरा एनसेललाई जानकारी प्राप्त भएमा त्यस्तो ग्राहकको सेवा अवरुद्द गर्न सकिनेछ ।

## १६. सूचना दिने ठेगाना :

शर्तअनुसार दिनुपर्ने कुनै सूचना एनसेलको कार्यालयमा वा रजिष्ट्रि दर्ता गरि देहायको ठेगानामा पठाउनुपर्ने छ ।

एनसेल प्राइभेट लिमिटेड, पोष्ट बक्स नम्बर ९९00, नक्खु, ललितपुर, नेपाल Website: www.ncell.com.np

पूनश्च: ठेगाना र स्थान समय समयमा परिवर्तन हुन सक्नेछ र सो परिवर्तनको जानकारी ग्राहकलाई उचित माध्यमबाट दिइनेछ ।

उद्घोषण : यस सम्झौताका शर्तहरु हामीहरुले पढेका र बुझेका छौं । हामी तिनलाई पालन गर्दछौं भनि यसै मार्फत कबुल गर्दछौं । यस सम्झौताका शर्तहरु समय-समयमा परिवर्तन हुन सक्दछ भन्ने कुरामा हामी सहमत छौं ।

### ग्राहकको तर्फबाट

हस्ताक्षर : ..............................................................................

नाम : ..............................................................................

मिति : ..................................................

ग्राहकवर्ग, आम नागरिक र नागरिक समाजको सुरक्षाको लागि आफुले प्रयोग गर्ने सिम आफू स्वयंको नाममा दर्ता गराउनु पर्दछ । आफु सवयंको सिम प्रयोग गर्दा ग्राहकलाई एनसेल को सम्पूर्ण सुविधाहरु उपयोग गर्न मद्दत पुग्नेछ ।

जस्तै:

- पिन पुक को जानकारी लिन सकिने
- सिम परिवर्तन गर्न सकिने
- कल विवरण जानकारी लिन सकिने
- सिम बन्द गर्न वा खुलाउन सकिने
- मोवाइल नम्वर परिवर्तन गर्न सकिने

आफु स्वयंको नामको सिम् प्रयोगबाट ग्राहकले आफ्नो परिचय अन्य व्यक्तिबाट दुरुपयोग हुनबाट जोगाउन सक्नुहुने छ । त्यसैले आफूले प्रयोग गर्ने सिम आफू स्वयंको नाममा दर्ता गरि सुरक्षित रहनुहोस् र जागरुक नागरिकको पहिचान दिनुहोस् ।

Website: www.ncell.com.np

# Subscribers Agreement approved by the Nepal Telecommunication Authority dated January 26, 2006 (2062/10/10)

## 1. Definition

a. "Ncell" shall mean a mobile service operated by Ncell in Nepal upon obtaining the certificate of registered trademark issued by Department of Industries with certificate No.: 23202 and dated July 14, 2005(2062/3/30).

b. "Service" shall mean a mobile service provided by Ncell to its subscribers on its own or through its service providing wings.

c. "Mobile Number" shall mean a mobile telephone number provided to a subscriber (which is hereinafter referred to as mobile number).

d. "Mobile Network" shall mean a digital telecommunication network, station, switching, micro web, base station including other telecommunication instruments used in mobile telephone service operation.

e. "Security Deposit" shall mean a fixed amount deposited by a subscriber while issuing SIM card of Ncell for mobile service operation.

f. "Tariff" shall mean a fee charged on a subscriber by Ncell for the Service and it shall also mean the arrears of the service charge.

g. "Force Majeure Event" shall mean an act of god, public disobedience, every kind of emergencies, any consequence of an act or omission of the government or any competent government agency, arson, thunder, power-cut for continuous 24 hours, explosion, flooding, epidemic, block to transportation, war, etc.

## 2. Date of entry into force of the Agreement:

This Agreement shall be deemed to enter into force from the date of issuance of the Mobile Number to the applicant once Ncell approved the application of the applicant, and this Agreement shall remain valid pending the ending of the Service permanently. Further, this Agreement shall be signed by both parties; however, this Agreement shall not be deem to be void only for failing to sign it; and the terms of this Agreement shall also be applicable to both parties in case where any person has already used the Service without entering into this Agreement for any reasons; and in the case of such subscribers, this agreement shall be deemed to be concluded. In the case of those subscribers in respect of whom this Agreement has not been concluded, Ncell shall through a public notice notify the entry into force of this Agreement with respect to those subscribers, and Ncell shall provide with the copy of the Agreement as requested by the subscribers.

## 3. (A) Obligation of Ncell:

1. Ncell shall provide the Service to the subscribers as per the terms of this Agreement.
2. Ncell shall apply the rate of the Tariff as approved by the Authority upon publishing a public notice.
3. Ncell may enter into a separate agreement with the subscribers to determine the ceiling of monthly financial facilities to be given to the subscribers, make a loan arrangement, require an advance for the service to be provided to the subscribers or suspend the Service or partially or fully discontinue the Service.
4. Ncell may provide additional telecommunication facilities to the subscribers.
5. Ncell shall have to submit to the Government of Nepal or concerned authority the description of the subscribers pursuant to the Act and laws as and when so requested. No one can make a claim on violation of privacy of the subscribers because of submission of such description.
6. Ncell shall provide SIM card number, PIN and PUK immediately after providing the Service to the subscribers.

### (B) Obligations of the subscribers:

1. The subscribers shall have to comply with the prevailing laws of Nepal while using the Service of Ncell.
2. The subscribers shall have to comply with directives issued by the Government of Nepal, Authority or Ncell while using the service.
3. The subscribers shall have to pay charges for the Service made available to the subscribers and shall not make a claim that such subscribers has not used the network or service during the time of payment.
4. If any dispute arises in respect of bill statement, the subscribers must deposit the amount of the bill statement as a security deposit pending the settlement of such dispute.
5. The subscribers shall not use the Service for any kind of improper, unethical or illegal purpose nor use the Service to bring adverse effect on the objective related to the Service or network operation nor also allow any other person to use the Service.
6. Ncell shall not be responsible for any kind of risk or damage that may be emanated on the account of any illegal, unlawful or unauthorized use of the mobile service.
7. The subscribers must use only those equipment compatible with the Ncell network.
8. The subscribers must pay minimum monthly fee once the subscribers receives the Service even if a subscriber does not use the Service for his/her own reason.
9. Without prior approval of Ncell, a subscriber shall not be entitled to transfer any of its right or interest or obligations to any other person.
10. No subscribers shall be allowed to use Ncell service for any illegitimate purpose or for the purpose of inflicting torture or pain on, irritating or discouraging, anyone.
11. Ncell may recover the amount due and payable by the subscribers at any time and the subscribers shall also be obliged to pay such an amount.
12. As specified by Nepal Telecommunications Authority if subscriber is unable to use the mobile SIM for six months continuously, the Mobile number SIM will be automatically deactivated. Hence, deactivated SIM number for such reason, can be reissued within 180 days by the Company if the subscriber requests for use of same number upon payment of a specified fees. It is informed that, If the subscriber doesn't claim the number within the specified timeframe then it will be understood that Mobile Number SIM has been expired automatically, and the same number can be issued to a new customer.
13. Ncell shall have to submit to the Government of Nepal or concerned authority the description of the subscribers pursuant to the Act and laws as and when so requested. No one can make a claim on violation of privacy of the subscribers because of submission of such description.

## 4. Obligations not to be performed by Ncell

1. Ncell shall not be held liable for direct or indirect loss or damages in any manner in respect of profit of the business, revenue, goodwill, tentative saving, contract, etc., for the reason of the Service used by the subscribers.
2. Ncell shall not be compelled to enter into an Agreement with following persons:

a. A person who failed to fulfill their financial obligation in relation to the Service.

b. A person who becomes insolvent or against whom a court takes an action on bankruptcy.

c. A person who gives false information with the intention of concealing the fact mentioned in the application form.

d. A person against whom the Government of Nepal or concerned agency instructed not to issue the Service.

3. Ncell shall not be held liable for any consequence of telecommunication service provided by Ncell in the following circumstances:

a. If data is damaged or its correctness affected upon occurrence of force majeure event of Ncell while using the service to exchange the data signal.

b. For any copyright related claim that might emerge while using the service or any claim arisen in regards to the service as result of act or omission of the subscribers.

c. For any loss or damaged caused by a person using the Service other than the subscribers.

d. For losses or inconvenience caused as per the directives or act of the Government of Nepal or the concerned authority. However, if data is damaged or its correctness affected as referred to in clause (a) upon occurrence of error in the network, Ncell shall immediately repair and maintain it.

## 5. Changes of Mobile (SIM card) number and service facilities:

1. A subscriber shall have to sign and file application with applicable fee as determined by Ncell to change its Mobile Number. The number shall be changed within 7 days after taking necessary actions into it. However,

a. Ncell may reject such application without any reason.

b. If there is an arrear, no action shall be taken on the application filed to change the Mobile Number until and unless such an arrear is cleared.

2. If a subscriber desires to terminate the Service (except the prepaid service), Ncell shall after analyzing the signature in the documents, receipt of the Security Deposit, etc., and after deducting the amount to be paid from the Security Deposit refund only the rest amount of security deposit to the subscriber.

## 6. Roaming and International Telephone service facilities:

1. Ncell may provide roaming facilities to the subscriber. Ncell may cause a subscriber to furnish additional Security Deposit for the roaming service. Such amount of the Security Deposit shall be determined by Ncell and it may recover the charge of the Service used by the subscriber.
2. While asking for extra Security Deposit with the subscriber for Roaming/I.S.D., bill statement may be sent for payment upon preparing monthly, fortnightly or weekly bill statement at the proportion of the Service to be used. The subscriber shall maintain Security Deposit pending the termination of the Service.
3. Due to the technical reasons, system and software up-gradation, billing failure, connection interruption and force majeure event of Ncell, Roaming/I.S.D. service may be terminated temporarily or permanently. In this regard, the subscriber shall be given information by Ncell through any medium and such information shall be considered to be sufficient.
4. Service of the Roaming/I.S.D. shall be provided as soon as possible from the date of filing of an application for the Roaming/I.S.D. facilities.

## 7. Security deposit, bill statement and payment of tariff:

1. Notwithstanding anything contained anywhere else, Ncell may deduct an amount of tariff to be paid by the subscriber from the Security Deposit or may adjust it. In the case of such deduction or adjustment, the subscriber must immediately deposit in the Security Deposit the amount so deducted or adjusted.
2. Ncell shall have the power to increase or decrease the Security Deposit to be deposited by an existing subscriber at any time upon giving proper information to the subscriber.
3. Regular bill statement shall be prepared each month. If regular bill statement is not feasible to prepare, an interim bill statement containing amount in detail to the paid by the subscriber shall be made available. Temporary or Xerox bill statement shall be issued as and when asked by the subscriber or at the time of emergency. After providing with the regular bill statement, the amount recovered from the subscriber shall be adjusted.
4. The subscriber shall have to pay Tariff within 15 days after receipt of the bill statement. The subscriber may also deposit such Tariff in the bank account prescribed by Ncell in advance prior to the date.
5. The period and date of bill statement of Ncell may be different on case to case basis; however, the similar subscribers shall be treated similarly.
6. Payment may be made only through medium of cheque/demand draft or cash. While making payment through cheque/demand draft, the payment shall not be considered to be effected until such amount has been deposited in the Ncell account. If a subscriber after making request in writing for a Xerox or temporary or detail of bill statement, such detail bill statement shall be made available on payment of the charge. If detail bill statement is asked for a period prior to 45 days or detail bill statement is asked after 15 days of receipt of the bill statement, Ncell shall not be obliged to provide with detail bill statement.
7. If due amount exceeds more than 95% of the Security Deposit, service can be discontinued by giving prior notice; however, in the case of international roaming service, the time for discontinuation of the service may be modified upon giving notice thereof to the subscriber.
8. Notwithstanding anything contained herein, the rate of service charge may be changed, amended or reviewed or the applicable rate may be withheld or withdrawn by giving prior notice after obtaining approval of the Authority where such an approval is required.

## 8. Sell/Transfer

1. Once the Service is connected, it shall not be transferred without approval of Ncell. The obligation of the subscriber shall not come to an end because of private transfers made without approval of Ncell.
2. The rights and obligations of the subscriber shall not be deemed to be transferred only for the reasons that a person other than the subscriber has made payment.
3. Only after full payment of the amount to be paid by subscriber, transfer shall be effected.
4. Security Deposit furnished by the subscriber shall only be refunded to the subscriber or any authorized person or right holder through the account payee cheque/demand draft. Security Deposit shall not be refunded in cash. Payment of any cheque/draft must have been made within 30 days. If a subscriber dies, the successor as per the law shall be refunded through cheque/draft after evaluating the evidence.

## 9. Complain on Bill Statement or Service

1. If there is any complain, a subscriber shall notify Ncell in writing.
2. If Ncell SIM card gets lost, robbed, damaged or have been used for unauthorized purpose, the subscriber must authentically notify Ncell.
3. If any dispute arises in relation to bill statement, the dispute shall be settled within 7 days if the disputed bill statement is concerned with Ncell own network and within 45 days if the dispute is to be settled upon obtaining details through other service provider, and information on the final bill shall be given to the subscriber.

## 10. Service Repair and Maintenance

1. If an issue arises in relation to service, the subscriber shall notify in writing. No action will be taken on the basis of oral complain other than that of the repair.
2. If mobile service is blocked due to the damage in the main mobile switching of Ncell or base station control system except in special circumstances as heavy wind, transportation strike, geographical difficulty, etc., the Service shall be maintained within 72 hours (Three days). If the repair is not done within the prescribed time, discount on Tariff on day to day basis as per the minimum monthly Tariff shall be given during the period of failing to repair.

## 11. Service may be interrupted due to force majeure event (natural disaster)

1. If service is interrupted due to natural disaster, emergency, consequence of an act or omission of the government or competent government agency, arson, thunder, situation of power-cut for more than continuous 24 hours, explosion, flooding, epidemic, war, force majeure event, and if Ncell fails to perform its duties and obligation under the Agreement, the Agreement shall not be deemed to be breached.
2. If the service to be received by the subscriber is adversely affected or service is interrupted due to force majeure event, discount on Tariff on day to day basis as per the minimum monthly Tariff shall be given to the subscribers. Ncell shall not be obliged to pay other compensation the subscriber suffers.

## 12. Dispute and Settlement

1. If a subscriber files a complaint or petition in relation to the service in writing, the committee as prescribed will probe into the matters and the dispute shall be settled as per the decision of the probe committee. The subscriber may file a petition to the Authority against the decision as per the Telecommunications Act and Rules if such a subscriber is not satisfied with the decision. The decision of the Authority shall be acceptable to both Ncell and subscriber.
2. If any dispute arises in connection with the Agreement, such dispute shall be settled as per the laws of Nepal.

## 13. Recognition and Jurisdiction

1. The recognition, explanation and implementation of the terms of this Agreement shall be as per the laws of Nepal. Any clause that is inconsistent with the prevailing laws shall ipso facto be void.
2. If any clause of this Agreement becomes ineffective or void or is amended, it shall not affect other clauses of this Agreement.

## 14. Termination of the Agreement:

1. A subscriber may at any time terminate this Agreement by giving information thereof. A subscriber must make a claim on the amount to be paid by him/her and to be refunded to him/her within 7 days of giving information. This Agreement shall not be terminated because of information until the subscriber has cleared the Tariff of detail service of the mobile telecommunication and charges for the service provided. The arrears of the Tariff may be recovered as per the law. It shall be the obligation of the subscriber to clear all of the dues prior to terminating this Agreement on behalf of the subscriber.
2. If a subscriber breaches any of the terms of this Agreement, Ncell may at any time terminate this Agreement by giving notice along with reasons. However, if this Agreement is to be terminated upon occurrence of special circumstances, Ncell shall not be obliged to give reason to the subscriber other than to the concerned authority.
3. A subscriber may terminate the Agreement by giving notice following the procedure as determining for the suspension and cancellation then after Ncell may suspend and cancel the Service.

## 15. Miscellaneous

If Ncell comes to know that a subscriber offers any direct or indirect gift or consideration to the employee or authorized representative/ distributor/dealer/agent of the Ncell, it may block the Service of such subscriber.

## 16. Address to Notify:

Any information to be given as per the conditions must be sent to the office of Ncell or to the following address through the registered mail:

Ncell Private Limited, Post Box Number 9900, Nakhhu, Lalitpur, Nepal

Website: www.ncell.com.np

Note: Address and place may be changed from time and again, and such changes shall be

notified to the subscribers through a proper channel.

Declaration: We have read and understood the terms of this Agreement. We have hereby pledged through this Agreement that we shall comply with such terms. We have agreed that the terms of this Agreement may be changed from time and again.

## On behalf of subscriber

Signature ..............................................

Name ..............................................

Date ..............................................

For the protection of the subscriber, general citizen and civil society, the SIM which the subscriber is going to use him/herself, must be registered in his/her name. If the subscriber used his/her own SIM, it would be helpful to him/her to consume all of the facilities of Ncell.

For example:

- Information on PIN PUK may be received
- SIM may be changed
- Information on call details may be received
- SIM may be inactivate or activateMobile number may be changed

If the subscriber uses his/her own SIM, s/he may protect his/her identity from being misused. Therefore, register the SIM, which you are going to use yourself, in your own name, be secured and give identity of a conscious citizen.

Website: www.ncell.com.np